**बैठक नं. ४३**

आज मिति २०७६/०२/२० गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ५:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणी शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. ४३.१
**नगर सभाको बैठक बस्ने सम्बन्धमा ।**
निर्णय नं. ४३.१
आगामी आ.व. ०७६/७७ को वार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने भएको हुँदा २०७६/०३/०९ गते बिहान ११:०० बजे पाँचौ नगर सभाको बैठक आव्हान गरी सोहि दिन नीति तथा कार्यक्रम पस्तुत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४३.२
**संगठन संरचना सम्बन्धमा ।**
निर्णय नं. ४३.२
यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा साविक स्थानीय तह देखि कार्यरत कर्मचारीहरु र हाल संघीय सरकारबाट समायोजन भई आएका कर्मचारीहरु संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा च.नं. ९२६ मिति २०७६/०२/०१ मा माग आकृति फारम मार्फत पदपूर्तिका लागि अनुरोध गरिएका पदहरु समेतको सम्पूर्ण जनशक्तिको विश्लेषण गरी संगठन संरचना तयार गर्न अति आवश्यक भएको हुँदा संगठन विकास विज्ञ सहितको उपस्थितिमा आजको छलफलमा उठेका विषयवस्तुहरु र सुझाव समेतलाई दृष्टिगत गरी विषयगत समितिका संयोजकहरु र प्रमुख प्रशासकीय अधिकृतले संगठन संरचना र दरवन्दी सहितको प्रतिवेदन तयार गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४३.३
**भवानी मा.वि.मा अंग्रेजी माध्यमको कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।**
निर्णय नं. ४३.३
बुटवल उप-महानगरपालिकाको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत वडा स्तरीय निर्णयबाट खर्च हुने गरी विनियोजन बजेट रु. २०,१४,०००।- मध्येबाट भवानी मा.वि.मा अंग्रेजी माध्यमको कक्षा सञ्चालन तथा व्यवस्थापन गर्न रु. ५,००,०००।- अनुदान रकम उपब्ध गराइदिन वडा नं. १८ बाट निर्णय भई आएको । उक्त रकम सोही शीर्षकमा निकासी दिन पूर्वाधार विकास समितिको मिति २०७५/१२/२४ गतेको निर्णय अनुसार नगर कार्यपालिकाको कार्यालयलाई समेत सिफारिस गरेको हुँदा श्री भवानी माध्यमिक विद्यालय बुटवल-१८ सौराहा, रुपन्देहीको माग बमोजिम अंग्रेजी माध्यमका शिक्षक व्यवस्थापनका लागि उक्त रकम अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ४३.४
**जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**
निर्णय नं. ४३.४
यस उप-महानगरपालिकामा साविक स्थानीय निकायमा कार्यरत भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ (३) बमोजिम स्वतः स्थानीय तहमा समायोजन भएका हाल कार्यरत कर्मचारीहरुको संख्या १८३ जना भएको । नेपाल सरकार, मन्त्रिपरिषदबाट उप-महानगरपालिकाको लागि स्वीकृत दरबन्दी संख्या २३१ (वडा कार्यालय समेत) भएको सो मध्ये विभिन्न सेवा समूहको गरी ३७ जना कर्मचारी यस कार्यालयमा समायोजन भई हाजिर भई कार्यरत रहनुका साथै साविक जिल्ला विकास समिति हाल जिल्ला समन्वय समिति रुपन्देहीबाट कर्मचारी समायोजन ऐन बमोजिम ७ जना समायोजन हुने निर्णय भए बमोजिम २ जना कर्मचारी समायोजन भई जम्मा

२२२ जना कर्मचारीहरुबाट कामकाज गरी आएको अवस्था रहेको छ । यस उप-महानगरपालिकाका लागि तत्काल नभई नहुने कानून अधिकृत १ र अन्य सबै प्राविधिक (जनशक्ति) पद संख्या २६ समेत जम्मा २७ वटा पदहरुमा लोकसेवा आयोग मार्फत पदपूर्ति गरी दिन अनुरोध भई उल्लेखित पदपूर्तिका लागि लोक सेवा आयोगद्वारा विज्ञापन भई सकेको अवस्था छ । यसरी लोक सेवा आयोग मार्फत पूर्ति गरिने जनशक्ति समेतलाई गणना गर्दा २४९ जना जनशक्तिलाई जुनसुकै अवस्थामा पनि व्यवस्थापन गर्नु पर्ने हुन आउछ ।

संघीय सरकारबाट समायोजन भई पठाएको समेत हाल कार्यरत जनशक्ति विशेष गरी पाँचौ तहमा ४३ जना मध्ये ७ जना प्राविधिक र छैठौं तहमा १८ जना मध्ये ४ जना प्राविधिक जनशक्ति कार्यरत रहेका छन् । यसले उल्लेखित तहमा प्रशासनिक जनशक्ति आवश्यकता भन्दा निकै बढी रहेको पुष्टी हुन्छ । यसै सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समायोजनको निर्णय भई आजै प्रकाशित टाइपिष्ट पदमा पाँचौ र छैठौं गरी १७ जना कर्मचारीहरु यस कार्यालयमा समायोजन हुने सूचि प्रति समेत यस कार्यपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।

यस उप-महानगरपालिकामा इन्जिनियरिङ्ग सेवा तर्फका प्राविधिक जनशक्ति अत्यन्त अभाव रहेको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस कार्यालयको आवश्यकता र कार्यबोझ अनुकूलका जनशक्ति व्यवस्थापन हुन नसकि ठूलो संख्यामा प्रशासनिक कर्मचारीहरु मात्र समायोजन भई आएको र कतिपय पदमा स्वीकृत दरबन्दी भन्दा फरक ढंगबाट समायोजन गरी पठाएको देखिन्छ । कार्यालयको कार्यबोझ र आवश्यकता भन्दा बाहिर गएर जनशक्ति व्यवस्थापन गर्दा त्यसबाट पर्ने प्रशासनिक खर्च थेग्न नसक्ने अवस्था सृजना हुने देखिएको सन्दर्भमा यस उप-महानगरपालिकाका लागि अति आवश्यक स्वीकृत दरबन्दी बमोजिम रिक्त स्थानमा इन्जिनियरिङ्ग सेवाका प्राविधिक र स्वास्थ्य सेवा तर्फका प्राविधिक जनशक्ति बाहेक अन्य कुनै पनि सेवा समूहका प्रशासनिक लगायतका कर्मचारीहरुलाई व्यवस्थापन गर्न नसकिने व्यहोरा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने र संघीय सरकारबाट स्वीकृत दरबन्दी संरचना भन्दा बाहिर गई समायोजनको निर्णय भई व्यवस्थापन गर्न कठिनाई भएका निम्न बमोजिमका कर्मचारीहरुलाई समेत अन्यत्र व्यवस्थापन गर्न अनुरोध गरी पठाउने साथै उल्लेखित निर्णय भन्दा फरक हुने गरी अन्य कुनै पनि सेवा समूहका कर्मचारीहरुलाई हाजिर नगराई फिर्ता पठाउने व्यवस्था मिलाउन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**समायोजन निर्णय भई आएका तर स्वीकृत दरबन्दी संरचनामा नभएका कर्मचारीहरुको विवरण**

| क्र.सं. | नाम | तह | स्वीकृत तह | कैफियत |
|---|---|---|---|---|
| १ | वृहस्पति भट्टराई | ६ | ५ | कृषि सेवामा ला.पो.डे.डे पाँचौं तहको दरबन्दी स्वीकृत भएको तर छैठौं तहको दरबन्दी स्वीकृत नभएकोले फिर्ता । |
| २ | गोविन्द खनाल | ६ | ५ | कृषि सेवामा ला.पो.डे.डे पाँचौं तहको दरबन्दी स्वीकृत भएको तर छैठौं तहको दरबन्दी स्वीकृत नभएकोले फिर्ता । |
| ३ | भवानी गेलाल | ५ | ४ | म.वि.नि. पाँचौं तह स्वीकृत दरवन्दी संख्या १ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मिति २०७६/०२/१४, च.नं. ०१/०६/स.स.वि./४८० को पत्रानुसार म.वि.नि. उमा थापा समायोजन भई कार्यरत रहेको हुँदा दरबन्दी नभएकोले फिर्ता । |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।